# यातायात खुल्यो, यात्रु छैनन्

■ सौर्य समाचार

काठमाडौं । कोभिड-१९ का कारण झण्डै ६ महिना बन्द रहेको सार्वजनिक यातायात खुला भएपनि यात्रु नहुँदा यातायात व्यवसायीहरु समस्यामा परेका छन् । विश्वव्यापी रुपमा फैलिएको नोवेल कोरोना भाइरस (कोभिड-१९) का कारण चैत १० देखि बन्द रहेको लामो दूरीका सार्वजनिक यातायात सरकारले असोज १ देखि खुला गर्ने निर्णय गरेपनि यात्रु नहुँदा व्यवसायी समस्यामा परेका हुन् ।

कोभिड-१९ सङ्क्रमण हुनुभन्दा पहिले पूर्वाञ्चल क्षेत्रमा प्रत्येक दिन ४५० सार्वजनिक सवारी साधन ओहोरदोहोर हुँदै आएपनि अहिले यात्रु नहुँदा दैनिक १५० सवारी साधन एक सिटमा एक यात्रु राखेर ओहोरदोहोर गर्न बाध्य छन् ।

काठमाडौंबाट पूर्वका ताप्लेजुङ, सङ्खुवासभा, भोजपुर, धनकुटा, सुनसरी, झापा, मोरङ, तेह्रथुम, उदयपुर, सिरहा र सप्तरी जाने ५४ बस कम्पनी मिलेर बनेको पूर्वाञ्चल यातायात व्यवसायी समन्वय प्रालिले यात्रु नभएकाले आलोपालो बस सञ्चालन गर्दै आएको छ ।

प्रालिका सचिव रुद्रबहादुर कार्की सार्वजनिक यातायातमा राहतको प्याकेज नल्याउँदा व्यवसायीहरु मर्कामा परेको बताउँछन् ।

“बन्दाबन्दीका कारण ६ महिना थन्किएर बसेका सवारी साधन मर्मत सम्भार गर्न लाखौं खर्च लागेपनि यात्रु नहुँदा समस्यामा परेका छौं”,उनी भन्छन् । सार्वजनिक यातायात खुलेसँगै बैंक तथा वित्तीय संस्थाले किस्ताको लागि ताकेता गर्न थालेपछि व्यवसायी थप मर्कामा परेको उनको भनाइ थियो ।

मुलुकको राष्ट्रिय बसपार्कका रुपमा रहेको गोँगबुस्थित नयाँ बसपार्कबाट थोरै मात्रामा सवारी साधन बाहिरीने गरेका छन् । कोभिड-१९ को सङ्क्रमण हुनुभन्दा पहिले प्रत्येक दिन ६०० देखि ७०० हाराहारीमा सार्वजनिक यातायात उपत्यका बाहिरीने गरेपनि अहिले प्रत्येक दिन २०० देखि २५० सार्वजनिक यातायात बाहिरीने गरेका छन् ।

नयाँ बसपार्क सञ्चालन गरेको ल्होत्से बहुउदेश्यीय प्रालिका महाप्रबन्धक सुनिल कुँवर नयाँ बसपार्कमा यात्रुको चाप कम हुँदै गएको बताउँछन् । ‘विगतका वर्षमा दशैंको एक महिनाअगाडि नै नयाँ बसपार्कमा भीड लाग्ने गरे पनि अहिले कोभिड-१९ का कारण यात्रुको चाप छैन’, उनी भन्छन् ।

नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घका महासचिव सरोज सिटौला आन्तरिक उडानमा क्षमता बराबर यात्रु बोक्न पाउने र सार्वजनिक यातायातमा ५० प्रतिशत भाडा बढी लिएर यात्रु बोक्न पाउने गरी सरकारले गरेको विभेदकारी निर्णयका कारण सार्वजनिक यातायातमा यात्रु नभएको बताउँछन् ।

‘सार्वजनिक यातायातको भाडाभन्दा थोरै महङ्गो शुल्क तिरेपछि जहाजमा गन्तव्यस्थलसम्म जान पाउने भएपछि सार्वजनिक यातायातमा यात्रुको संख्या घटेको हो’, उनी भन्छन् । सरकारले सडकमा गुड्ने सार्वजनिक सवारी साधनलाई वेवास्ता गरेको उनको भनाइ छ । यस्तै, कोभिड-१९ र बन्दाबन्दीको असर पर्यटक बसमा समेत परेको छ । कोभिड-१९ का कारण विदेशी पर्यटक नेपाल भ्रमणका लागि नआउँदा पर्यटक बस व्यवसाय पनि सङ्कटमा परेको छ । टुरिष्ट बस एशोसियशन अफ नेपाल (टिवान)का महासचिव दिपेन्द्र अधिकारी कोभिड-१९ अगाडि प्रत्येक दिन १०० हाराहारीमा काठमाडौंदेखि पोखरा, चितवन, लुम्बिनी र जनकपुर पर्यटक बस चल्ने भए पनि अहिले मुस्किलले तीन/चारवटा बसमात्र चलेको बताउँछन् ।

“कोभिड-१९ अगाडि दैनिक दुई/तीनहजार स्वदेशी तथा विदेशी पर्यटक पर्यटकीय बसमा आवतजावत गर्ने गरेपनि अहिले जम्मा १०० जना यात्रु मुस्किलले आवतजावत गर्छन्”, उनी भन्छन् । विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) र नेपाल सरकार स्वास्थ्य मन्त्रालयले तय गरेको स्वास्थ्य मापदण्डअनुसार बस सञ्चालन गर्दासमेत यात्रु नभएको उनको भनाइ छ ।

# पशुपतिनाथ, बसपार्कलगायतका क्षेत्रमा सरसफाई

■ सौर्य समाचार

काठमाडौं । खेम्स क्लिनिङ प्रा.लि.ले पशुपतिनाथ, बसपार्क लगायतका क्षेत्रमा सरसफाई गरेको छ । कोरोना महामारीका कारण लामो समयदेखि बन्द रहेको पशुपतिनाथ लगायतका क्षेत्रमा क्लिनिङले सरसफाई गरेको हो ।


व्यवसायीक रुपमा नै सरसफाईको काम गर्दै आएको खेम्स क्लिनिङले अहिले पशुपतिनाथ मन्दिर वरपर, ह्याम्स लगायतका विभिन्न अस्पताल, गोँगबु नयाँ बसपार्क लगायतका स्थानमा सफाई गर्दै आएको कम्पनीका चिफ अपरेटिङ अफिसर दिनेश थापाले बताए ।

अहिले पशुपतिनाथ क्षेत्रमा भिडभाड कम भएकाले सरसफाईमा सहज भएपनि दर्शनार्थीका लागि खुला भएपछि पनि स्वास्थ्य सुरक्षाका उपाय अपनाएर सरसफाईका काम अघि बढाइने उनले बताए । स्वास्थ्य सुरक्षाका मापदण्ड अपनाउँदै अहिले विभिन्न सेवा क्षेत्र खुला भएपनि पशुपतिनाथ लगायतका धार्मिक स्थलहरु खुला हुन सकेका छैनन । सामान्य अवस्थामा हजारौंको भिड हुने पुशपतिनाथ क्षेत्र महामारीको जोखिमका कारण खुल्न सकेको छैन । मन्दिर दर्शनका लागि खुला गरेपछि अहिलेको अवस्थामा सुरक्षित छ भन्ने सन्देश दिनका लागि पनि सरसफाईसँगै डिसइन्फेक्सनको काम भइरहेको उनले बताए ।

खेम्स क्लिनिङका सुपर भाइजर सञ्जु तिवारीले अहिले पशुपति क्षेत्र विकास कोषमा मात्रै भित्र र बाहिर गरी ९० जना भन्दा बढी जनशक्ति सरसफाईको काममा खटिएको बताइन् । कम्पनीले सरसफाईमा खटिने कर्मचारीहरुको सेवा सुविधा र स्वास्थ्य जोखिमलाई पनि विशेष ध्यान दिएको छ । अस्पताल क्षेत्रहरुमा सरसफाईको काम गर्दा केही कर्मचारीहरुलाई संक्रमण देखिएकोउनले बताइन् । निमित सरसफाईको काममा खटिने कर्मचारीहरुलाई स्वास्थ्य सुरक्षाका सम्पूर्ण मापदण्ड अपनाउन भनिएको छ । साथै कुनैमा संक्रमण देखिएमा ७ लाखको जीवन विमा र १ लाखको कारोना विमा गरिएको उनले बताइन् । अस्पतालमा उपचारका क्रममा रहँदा समेत कर्मचारीको आर्थिक अवस्था हेरी आर्थिक सहयोग गर्ने गरेको थापाले बताए । कम्पनीले नयाँ बसपार्क क्षेत्रमा पनि नियमित रुपमा सरसफाई गर्दै आएको छ ।

# गुर्जो वितरण अभियान तीव्र

■ सौर्य समाचार



काठमाडौं । उपत्यकामा कोरोना भाइरसको सङ्क्रमण फैलँदै जाँदा रोग प्रतिरोधी क्षमता वृद्धि गर्ने गुर्जो वितरण पनि बढ्न थालेको छ ।

गुर्जोको बिरुवा, धुलो, डाँठ र चिया निःशुल्क वितरणमा लागेका अभियानकर्मी कमलबहादुर राजलवटले उपत्यकाका विभिन्न स्थानमा माग अनुसार वितरण गरिएको जानकारी दिए । आन्तरिक राजश्व कार्यालय लहानका कार्यालय प्रमुख राजलवटले सरकारी निवास रहेको स्थानमा उत्पादन गरेको गुर्जोको बिरुवा देशव्यापी निःशुल्क वितरण गरिएको सुनाए ।

हालसम्म करिब ९० हजार वटा गुर्जाको बिरुवा निःशुल्क वितरण गरिएको छ । चाँगुनारायण नगरपालिकाको दुवाकोटमा ३००, धुलो, चिया र डाँठ समेत वितरण गरिएको छ । खाली पेटमा मनतातो पानीमा गुर्जोको धुलो राखेर खाएमा तरोताजा अनुभव हुने गरेको छ । पातञ्जल योग समिति, चक्रपथ सफाइ अभियानको पश्चिम खण्डमा गरी ३५० वटा गुर्जो वितरण गरिएको छ ।

यसैगरी त्रिभुवन विश्वविद्यालयको राजनीति शास्त्र, भूगोल लगायत चार विभागमा करिब ४०० बिरुवा वितरण गरिएको छ । महालक्ष्मी नगरपालिका वडा नं. १ इमाडोलमा पनि ३०० बिरुवा हस्तान्तरण गरिएको अध्यक्ष राजलवटले जानकारी दिए। यसैगरी काठमाडौ महानगरपालिका वडा नं १० मा पनि गुर्जोको बिरुवा निःशुल्क वितरण गरिएको छ । वडा अध्यक्ष रामकुमार केसीलाई कोरोना पोजेटिभ भएकालाई दिने गरी ३० किलो गुर्जोको धुलो समेत वितरण गरिएको छ ।

यसैगरी गोकर्णेश्वर नगरपालिका वडा नं। ४ स्थित निर्माणधीन राष्ट्रिय शहीद स्मारकस्थलमा ५०० बिरुवा हस्तान्तरण गरिएको छ । यी बिरुवा शनिबार रोपिनेछ । अभियानकर्मी राजलवटले लहानको सरकारी निवास रहेको करिब १० कठ्ठा जमिनमा जडिबुटी रोपेका छन् । जसबाट हालसम्म कैयौलाई निःशुल्क गुर्जो, धुलो लगायत वितरण गरिएको छ । वाग्मती लगायत उपत्यकाका नदी किनारमा यसअघि गुर्जो रोपिएको छ । उपत्यकामा एक घर एक गुर्जो बिरुवा रोपण अभियानमा लागिएको अभियानकर्मी राजलवट बताउँछन् ।

गुर्जो मधुमेह, उच्च रक्तचाप, मौसमी रुघाखोकी लगायत रोगका लागि औषधीको काम गर्ने गरेको छ । गर्भवती महिला र पाँच वर्ष मुनिका बालबालिकाका लागि भने गुर्जो सेवन गराउन हुँदैन ।

## प्रधानमन्त्री...

समेत जाँच गर्न सकिनेछ’, थापाले भने । यसबीचमा प्रधानमन्त्रीले आफ्ना भेटघाटलाई सीमित पारेको र आफूहरूले भेट्दासमेत सावधानी अपनाउने गरेको सल्लाहकार थापाले बताए । ‘पछिल्ला दिनमा प्रधानमन्त्री आइसोलेसन जस्तै अवस्थामा हुनुहुन्छ’, उनले जानकारी दिए ।

यसैबीच, प्रधानमन्त्री निवासमा खटिएका ७० जना सुरक्षाकर्मीमा कोरोना संक्रमण देखिएको छ । नेपाली सेनाका, सशस्त्र प्रहरी, नेपाल प्रहरी र राष्ट्रिय अनुसन्धानका सुरक्षाकर्मीमा संक्रमण देखिएको हो । स्रोतका अनुसार सुरक्षामा खटिएको सेनाको गुल्मका प्रमुखसहित २८ लाई संक्रमण देखिएपछि त्यहाँ गुल्म नै परिवर्तन गरिने भएको छ । नेपाल प्रहरीका २१ जना, सशस्त्र प्रहरीका १८ जना र राष्ट्रिय अनुसन्धानका तीन जना गरी ७० सुरक्षाकर्मीमा संक्रमण देखिएको छ । अझै ४५ जनाको कोरोना परीक्षणको नतिजा आउन बाँकी रहेको छ ।

## दाङमा...

केपी शर्मा ओली र नेकपाका कार्यकारी अध्यक्ष पुष्पकमल दाहालबीच शुक्रबार बिहान भएको भेटवार्तामा सो सहमति बनेपछि मुख्यमन्त्री शंकर पोखरेललाई प्रस्ताव पेस गर्न निर्देशन दिइएको थियो । सो लगत्तै उनले संसद्मा प्रस्ताव पेस गरेका छन् ।

प्रदेश सभामा पेस भएको प्रस्तावमाथि सोमबार बस्ने बैठकमा छलफल हुनेछ । सत्तारूढ दल नेकपाले सोमबार र मंगलबार दुई दिन प्रस्तावमा छलफल गरेर मंगलबार नै पास गराउने तयारीमा छ । प्रस्तावमा सहमति जुटाउन आइतबार सर्वदलीय बैठकसमेत बोलाएको छ ।

## आफ्नै...

बाटो बनाउने जिम्मेवारी नेपाली सेनालाई सुम्पेको थियो । जेठ दोस्रो साता तीन महिनाभित्र सम्पन्न गर्ने लक्ष्यका साथ सुरु गरिएको उक्त बाटो निर्माणको काम वर्षात्का कारण केही समय प्रभावित भएको थियो । अब लगत्तै नेपाली सेनाले महाकाली करिडोरको सडक निर्माण थाल्नेछ । दार्चुलाका प्रमुख जिल्ला अधिकारी शरद पोखेलले उक्त क्षेत्रमा घोडेटो बाटो निर्माण भएकाले स्थानीयवासीका साथै व्यासमा कार्यरत कर्मचारी र सुरक्षाकर्मीलाई आवतजावत गर्न सहज हुने बताए ।

## कोरोनाले...

**कांग्रेसका तीन नेतामा संक्रमण**

नेपाली कांग्रेसले १९ असोजमा बस्न गइरहेको केन्द्रीय कार्यसमिति बैठकलाई मध्यनजर गर्दै गराएको कोरोना परीक्षणमा ६ जनाको परीक्षण रिपोर्ट पोजेटिभ आएको छ । कांग्रेसले केन्द्रीय कार्यसमिति बैठकलाई मध्यनजर गरेर नेता, नेताका स्वकीय सचिव, सुरक्षाकर्मी र केन्द्रीय कार्यालयका कर्मचारीहरूको कोरोना परीक्षणका लागि स्वाब संकलन गरेको थियो । १५ असोजमा नेता, नेताका स्वकीय सचिव, सुरक्षाकर्मी र केन्द्रीय कार्यालयका कर्मचारीहरू गरी २ सय ४० जनाको स्वाब संकलन गरिएको थियो । जसमध्ये पोजेटिभ आउनेमा तीन जना केन्द्रीय सदस्य र तीन जना अन्य रहेका छन् । आशन्न १४औं महाधिवेशनको पूर्वनिर्धारित कार्यतालिकाका बारेमा छलफल गर्न बोलाइएको केन्द्रीय कार्यसमिति बैठकलाई मध्यनजर गरेर कांगेसले बिहीबार पार्टी कार्यालयमा स्वास्थ्यकर्मीको टोली बोलाएर नेता, नेताका स्वकीय सचिव, सुरक्षाकर्मी र केन्द्रीय कार्यालयका कर्मचारीहरुको कोरोना परीक्षणका लागि स्वाब संकलन गरेको थियो ।


MRP CORRECTION
Publish Date : 15 Ashoj 2077

**Nepa Hima Trade Link Pvt. Ltd.**
Bhakhundol, Lalitpur, Nepal
VAT No. 500004814

| SN | Category | Model | Brand | Origin | Capacity | Unit | MRP |
|---|---|---|---|---|---|---|---|
| 1 | Refrigerator | FP 263D PROTTON ROY (N) Oxyx Steel | WHIRLPOOL | INDIA | 250 Lts. | 1 | 56,320 |
| 2 | | NEO 278GD PRM Crystal Mirror | | | 265 Lts. | 1 | 57,885 |

* Note : Price are subject to change without prior notice.



**छार्का ताङसोङ गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**ढाडगाउँ डोल्पा, कर्णाली प्रदेश नेपाल**

**शिलबन्दी दरभाउ पत्र आव्हानको सूचना**

**(प्रथम पटक प्रकाशितमिति :- २०७७/०६/१८)**

यस **गाउँपालिकाको** आर्थिक वर्ष २०७७/०७८ को स्वीकृत कार्यक्रम अनुसार देहायमा उल्लेखित झोलुङ्ग **पुलहरुको स्टिल पार्टस** खरिद कार्य शिलबन्दी दरभाउ पत्रका माध्यमबाट गराउनु पर्ने भएकोले **संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, स्थानीय पुर्वाधार विकास शाखा (डोलि**मा सुचिकृत भएका कम्तिमा **५ वटा** झोलुङ्गे पुलको फलामे सामाग्री निर्माण गरी उपलब्ध गराएको अनुभव पत्र प्राप्त ईच्छुक निर्माण व्यवसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रहि रितपुर्वकको शिलवन्दी दरभाउ पत्र आह्वान गरिन्छ ।

१. दरभाउ पत्र फाराम यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले **३० दिन भित्र** चालु आर्थिक वर्षका लागि नविकरण भएको कम्पनी दर्ता प्रमाण पत्र,ईजाजतपत्र,मु.अ.कर दर्ता प्रमाणपत्र र **आ.व. २०७६।०७७** को कर चुक्ता प्रमाणपत्र नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि संलग्न राखि लिखित निवेदन साथ तल उल्लेखित दस्तुर (फिर्ता नहुने गरी) तिरी इच्छुक इजाजत पत्र प्राप्त निर्माण व्यवसायी वा निजको प्रतिनिधिले कार्यालय समय भित्र रित पुर्वक निवेदन दिई तल उल्लेख भए अनुसारको दरभाउ पत्र दस्तुर **राष्ट्रिय बाणिज्य बैंक लिमिटेड छार्का ताङसोङ शाखामा रहेको यस कार्यालयको संचित कोष खाता नं.४५३०१००३०४०१०००२** मा जम्मा गरेको बैंक भौचर पेश गरी लिन सकिने छ । अधिकार प्राप्त प्रतिनिधि मार्फत सिलवन्दी दरभाउ पत्र खरिद प्रकृयामा भाग लिन अनिवार्य रुपमा अधिकार पत्र (**Power of Attorney**) पेश गर्नु पर्ने छ ।
२. खरीद भएका दरभाउ पत्र प्रथम पटक प्रकाशित भएको मितिले **३१औं दिनको १२.०० बजे** भित्र सिलबन्दी लाहाछाप गरी खाममा विवरण प्रष्ट खुलाई यस कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ । दर्ता भएका दरभाउ पत्रहरु सोही दिनको **२:०० बजे** यस कार्यालयमा सिलवन्दी दरभाउ पत्र दाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । सिलवन्दी दरभाउ पत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि सो सिलवन्दी दरभाउ पत्र खोल्न वाधा पर्ने छैन । दरभाउ पत्र खरिद गर्ने वा दाखिला गर्ने अन्तिम दिन बिदा परेमा उक्तकार्यहरु क्रमश : लगत्तै कार्यालय खुलेको दिन हुनेछ ।
३. दरभाउ पत्र दाखिला गर्ने अन्तिम मिति बाट कम्तीमा **१२० दिन** म्याद भएको यस कार्यालयको नाममा मान्यता प्राप्त बैकं बाट जारी गरीएको बैंक जमानत पत्र वा नगदै यस कार्यालयको **राष्ट्रिय बाणिज्य बैंक लिमिटेड छार्का ताङसोङ शाखामा रहेको धरौटी खाता नं. ४५३०१००३०३००००२ मा जम्मा गरेको सक्कल भौचर पेश गर्नुपर्नेछ**।
४. सिलवन्दी दरभाउ पत्र दाताले आफुले कवोल गरेको अंक मुल्य अभिवृद्धी कर वाहेकको हुनु पर्नेछ ।
५. म्याद नाघि आएको, रित नपुगेको र शर्त राखिएको दरभाउ पत्र उपर कारबाही हुने छैन ।
६. दरभाउ पत्र दाताबाट दरभाउ पत्रको उल्लेखित मुल्य परिमाण सुची (**BOQ**) मा प्रत्येक आइटमको मुल्य अभिबृद्धि कर बाहेकको दररेट भरी नआएमा त्यस्तो दरभाउ पत्र उपर कुनै कारवाहि हुने छैन । साथै दर रेटमा अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ । केरमेट भएकोमा केरमेट भएको ठाउँमा सहिछाप भएको हुनुपर्ने छ ।
७. यस गाउँपालिकाको हितलाई ध्यानमा राखी दरभाउ पत्र स्विकृत गर्ने, नगर्ने वा रद्ध गर्ने सबै अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।
८. प्रचलित ऐन नियमअनुसार लाग्ने सम्पुर्ण करहरु सिलवन्दी दरभाउ पत्रदाता स्वयंले व्यहोर्नुपर्नेछ ।
९. एक फर्मको नाममा खरिद भएको दरभाउ पत्र कागजात अर्को व्यक्तिवा फर्मको नामबाट दाखिला गर्न पाइनेछैन ।
१०. यसमा लेखिएको हकमा यसै अनुसार र यसमा उल्लेख नभएको अन्य कुराहरुको हकमा प्रचलित ऐन कानुन अनुसार हुनेछ ।
११. थप जानकारीको लागि यस कार्यालयको वेभ साइट www.chharkatangsongmun.gov.np नम्वर **०८७ ५५००६३,९८४८३२८४७७** मा सम्पर्क गर्न सकिनेछ ।

| क्र.स. | ठेक्का नम्बर | कामको विवरण (स्टिल पार्टस खरिद) | लागत अनुमान (मू.अ.कर र कन्टिजेन्सि बाहेक) | दरभाउ पत्र जमानत रकम | दरभाउ पत्र फारम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | CTRM/Dolpa/TB-Swap-01/2077-078 | पालिन्जा झोलुङ्गे पुल कोस्टिल पार्टस फेब्रिकेशनर रोडहेड सम्म सामान ढुवानी कार्य छार्का ताङसोङ ४,५ डोल्पा | १०,२६,०८८।०१ | ३१,०००।०० | १००० | |
| २ | CTRM/Dolpa/TB-Swap-02/2077-078 | कागकोट झोलुङ्गे पुलको स्टिल पार्टस फेब्रिकेशन र रोडहेड सम्म सामाल ढुवानी कार्य छार्का ताङसोङ ४ डोल्पा | १४,५६,५११।६० | ४४,०००।०० | १००० | |

**मोहन प्रकाश गिरी**
**प्रमुख प्रशासकीय अधिकृत**